6/4/2024

National News

<u>मुख्य समाचार</u>

- श्री मोदीले भारतीय जनता पार्टीका कार्यकर्तालाई दिनुभयो बधाई
- केन्द्रीय वित्त मन्त्रीले बेंगलुरुमा पानीको कमीको स्थितिमा व्यक्त गर्नुभयो निराशा
- रक्षा मन्त्रीले देशवासीलाई देशको सीमा सुरक्षित रहेको दिनुभयो आश्वासन
- भूपति नगर विस्फोट मामिलाका दुई मुख्य षड़यन्त्रकारी गिरफ्तार
- भारतले मालदीवलाई द्विपक्षीय समझौता अन्तर्गत आवश्यक वस्तुको अधिकतम निर्यात गर्ने दियो स्वीकृति

<u>भाजपा-स्थापना दिवस</u>

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदी, पार्टीका वरिष्ठ नेता श्री अमित शाह र भारतीय जनता पार्टीका अध्यक्ष श्री जगत प्रकाश नड्डाले भाजपाको चवालीसऔं स्थापना दिवसमा पार्टीका सहयोगीलाई शुभकामना दिनुभयो। श्री मोदीले सोशल मीडिया पोस्टमा पार्टी कार्यकर्तालाई बधाई दिनुभयो र वर्षौंदेखिको पार्टी निर्माणमा उनीहरूको कडा मेहेनत, संघर्ष अनि बलिदान प्रति आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, पार्टीलाई एन. डी. ए-को अभिन्न भाग बन्नमा गर्व छ र यसले आफ्नो सहयोगी दलको सहभागितामा महत्व दिँदछ। यसै अवसरमा श्री अमित शाहले भाजपालाई विश्वको सबैभन्दा ठूलो राजनीतिक दल बनाएकोमा पार्टी कार्यकर्तालाई धन्यवाद दिनभयो । श्री नड्डाले पनि पार्टीलाई राष्ट्रव्यापी रूपमा विस्तार गरेकोमा वरिष्ठ नेतालाई सम्मान दिनुभयो।

<u>कर्नाटक-सीतारामन</u>

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले बेंगलुरुमा पानीको कमीको स्थितिमाथि निराशा व्यक्त गर्नुभएको छ। आज बेंगलुरुमा मीडियाकर्मीलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, यो चिन्ताजनक अनि दुखद विषय छ कि प्रख्यात बेंगलुरु शहर पेयजल संकटसंग जुझीरहेछ । उहाँले भन्नुभयो, शहरमा हैजाको आशंका छ, जब पेयजलको संकट हुन्छ प्रयोगमा दूषित पानी पुग्ने सम्भावना पनि अधिक हुन्छ। श्रीमती सीतारामनले आरोप लगाउनु भयो की - कंग्रेस सरकारले केही विकास कार्यलाई रोकी दिएको छ । उहाँले कर्नाटकका मुख्यमन्त्री श्री सिद्धा रमैयाले राज्यमा जल र सिन्चाई कार्य सहित बीस हजार करोड़ रुपियाँको कार्यलाई रोकेको आरोप लगाउनु भएको छ। उहाँले हर घरमा पीउने पानी पुर्याउने जल जीवन मिशनको काम ठप्प भएको पनि बताउनु भयो।

## राजनाथ अभियान

रक्षामन्त्री श्री राजनाथ सिंहले देशवासीलाई राष्ट्रको सीमा सुरक्षित रहेको आश्वासन दिनुभएको छ । मध्यप्रदेशको सिंग रोलीमा जनसभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, कंग्रेस सरकारको शासन कालमा देशभरिमा आतङ्की गतिविधी थियो तर भाजपा शासनकालमा य़समा नियन्त्रण आएको छ। विपक्षको आलोचना गर्दै श्री राजनाथ सिंहले भन्नुभयो, कांग्रेसका नेता अनि उहाँका सहयोगी दलले मानिसमा भय र घृणाको भावना उत्पन्न गरेको थियो । अर्कोतर्फ भाजपाले कहिले पनि जाति धर्मको आधारमा भेदभाव गरेको छैन तर न्याय र मानवताका लागि सधै काम गरेको छ ।
श्री सिंहले भन्नुभयो, मध्यप्रदेशमा डबल इंजन सरकारको विकासमा महत्वपूर्ण भूमिका छ । जनसंघका समयदेखी अहिले सम्म भाजपाले जे संकल्प पत्रमा भनेको छ त्यसैलाई लागू पनि गरेको छ। एक राष्ट्र, एक चुनाव नीतिमा श्री राजनाथ सिंहले भन्नुभयो, हाम्रो पार्टीले यसमा विश्वास गर्छ अनि यसले देश बलियो बन्दछ। यसो हुँदा जनताले आफ्नो मतको राम्रो उपयोग गर्न सक्छन् अनि जनप्रतिनिधीको किनबेच रोकिनेछ।

## एनआईए गिरफ्तार

राष्ट्रीय अन्वेषण अभिकरण- एन.आई.ए–ले दिसम्बर दुई हजार बाइसम◌ा भएको पश्चिम बंगालक◌ो भूपति नगर विस्फोट मामि◌ल◌ामा दुई मुख्य षड़यन्त्रकार◌ीलाई गिरफ्तार गरेको छ । यस विस्फोटमा तीनजना मारि◌एका थिए। एन.आई. ए–ले आज एउटा वक्तव्यमा भन◌ेको छ , यी दुवै अपराध◌ीलाई राज्यका पूर्वी मेदिनीपुर जिल◌्लामा भीड़-भाड़ भएको इलाक◌ाबाट पक्राउ गरिएको हो। भीड़मा केही असमाजिक तत्वको हमल◌ाका कारण एन.आई.ए दलका एक सदस्यलाई यस घटनामा चोट लागेको छ भने उहाँको सरकारी वाहनलाई पनि हानि पुगेको छ। अनियन्त्र◌ीत भीड़ले एन.आई.ए-को दल र यसक◌ा सुरक्षा कर्म◌ीहरूलाई भूपति नगर पुलिस स्टेशन तर्फ बढ़नबाट रोक◌्ने प्रयास गर◌्यो। एन.आई.ए –ले यस सम्बन्धमा स्थानीय पुलिस स्टेशनमा मामिला दर्ता गरेको छ। पक्राउ परेका अपराध◌ीहरूमा बलई चरण मैती र मनोब्रत जना रहेका छन्। दुवै आरोपी आतङ्क फैलाउनका लागि बम बनाउने र विस्फोट गर्ने षड़यन्त्रमा गम्भीर रुपले शामेल थि◌ए।

## तेलंगाना- मुठभेड़

तेलेंगाना सीमा छेउस्थित छत्तीसगढ़को बीजापुर जिल्लाको जंगलमा आज बिहान सुरक्षा बलसितको गोली-बारीमा तीनजना नक्सली मारिएका छन् । एकजना पुलिस अधिकारीले बताए अनुसार यो झड़प तेलेंगानाको मुलुगी जिल्लाको अन्तरराज्यीय सीमा छेउ पुजारी काङ्केर जंगलमा भएको हो । गुप्त सूचना पाएपछि तेलंगानाका नक्सल रोधी बल,

ग्रेहाउंड्सको एउटा दलले जंगल इलाकामा नक्सलीलाई घेर्यो र ग्रेहाउंड्स पुलिसले नक्सलीसंग एउटा ए.के. 47, एउटा एल.एम.जीर र एउटा 12-बोर गन फेला पारेको छ।

<u>सीबीआई शिशु तस्कर</u>

केन्द्रीय जाँच ब्यूरो, सी.बी.आई-ले सारा भारतमा शिशुहरूको तस्करीको नेटवर्कको पत्तो लगाएको छ। सी.बी.आई-ले दिल्ली र हरियाणाका सात स्थानमा खोजी गरेको छ। खोजी अपरेशनमा केवल डेढ़ दिन र पन्ध्र दिनका दुईजना बालक अनि एक महीनाको नानीलाई बचाएको छ। खोजी गर्दा साढे पाँच लाख नकद रुपियाँ र अन्य दस्तावेज फेला पारिएको छ। सी.बी.आई-ले सातजना आरोपीलाई गिरफ्तार पनि गरेको छ।

<u>मालदीव-वस्तु निर्यात</u>

भारतले मालदीव्सलाई द्विपक्षीय समझौता अन्तर्गत आवश्यक वस्तुको अधिकतम निर्यात गर्ने स्वीकृति दिएको छ। मालदीव्सका विदेश मन्त्री श्री मूसा जमीरले यस पहलका लागी भारतका विदेश मन्त्री डा. सुब्रमण्यम जयशंकर प्रति आभार व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्टमा उहाँले भन्नुभएको छ, यो भावना दुवै देशबीच दीर्घकालीन मित्रता, द्विपक्षीय व्यापार र वाणिज्यलाई विस्तार गर्नमा सशक्त वचनबद्धतालाई दर्शाउछ। निर्यातको यस स्वीकृत मात्रालाई उन्नाइस सय एकासी पछि सबैभन्दा अधिक मानीदै आएको छ।

<u>त्रिपुरा ईवीएम कमिशनिंग</u>

त्रिपुराको अगरतलामा आज कड़ा सुरक्षा बीच Electronic voting machine - लाई सुचारू संचालन र सुनिश्चित गर्ने तयारी शुरू भएको छ। दुई दिनसम्म चलने यस प्रक्रियामा मशीनलाई उन्नाइस अप्रेलमा हुने मतदानका लागी तयार गरिनेछ। त्रिपुरा पश्चिम संसदीय क्षेत्रका निर्वाचन अधिकारी श्री विशाल कुमारले यस प्रक्रियाको निरीक्षण गर्नुभयो। यी मशीन राम नगर सीटका सात सय तिरानब्बे मतदान केन्द्रमा स्थापित गरिनेछ। यस प्रक्रियामा चुनाव मैदानमा नौजना उम्मेदवारको नाम र चुनाव चिन्ह अपलोड गरिने गरिन्छ।

<u>तमिलनाडु-पुगाजेन्थी</u>

तमिलनाडु विधानसभा सांदस्य श्री एन. पुगाजेन्थीको आज बिहान विल्लुपुरम मेडिकल कलेज अस्पतालमा निधन भएको छ। उहाँ डी.एम.के- पार्टीका उनासी वर्षीय सदस्य हुनुहुनथ्यो। उहाँको चेन्नईमा एक निजी अस्पतालमा आन्द्रा सम्बन्धी रोगको उपचार भइरहेको थियो। श्री पुगाजेन्थीलाई केही दिनअघि अस्पतालबाट बिदा दिइएको थियो। शुक्रबार एउटा जनसभामा उहाँ बेहोस हुनु भएको थियो। त्यसपछि उहाँलाई सरकारी अस्पतालमा लगिएको

थियो । उहाँ पार्टीको सबैभन्दा लामो समय सेवा गर्ने सदस्य र दुई पटक विधायक भएका व्यक्ति हुनुहुनथ्यो।